# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः ३१ मार्च २०२६**

**समयः १८:५० - १९:०५ बजे** *(अवधि १५ मिनट)*

प्रमुख समाचार

- कलकत्ता उच्च न्यायालयको एक खंडपीठले आज तृणमूल कांग्रेस नेताले गरेको दुइ जनहित याचिकाहरुलाई खारिज गरेको छ।
- मुख्यमंत्री ममता बनर्जीले भाजपा माथि गंभीर आरोप लगाउदै भन्नुभएको छ भाजपाले अन्य राज्यहरुबाट मतदाताहरुको नाम राज्यको मतदाता सूचीमा सामेल गर्ने कोसिस गरिरहेको छ|
- पश्चिम बंगाल विधानसभा चुनाव **2026** का लागि भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो उम्मीदवारहरुको चौथो सूची जारी गरेको छ।
- भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका खर्साङ अनि कालेबुङ बिधामसभा क्षेत्रका प्रार्थीहरुले भोली नामांकन पत्र दर्ता गर्ने भएको छ।
- अलीपुर मौसम विभागले दक्षिण बंगालका सात जिल्लाहरुमा **50** देखि **60** किलोमीटर प्रति घंटाको रफ्तारमा आंधी अनि तूफान चल्ने संभावना व्यक्त गरेको छ।

## कलकत्ता - उच्च न्यायालय

कलकत्ता उच्च न्यायालयको एक खंडपीठले आज तृणमूल कांग्रेस नेताले गरेको दुइ जनहित याचिकाहरुलाई खारिज गरेको छ। यी याचिकाहरुमा पश्चिम बंगालमा निर्वाचन आयोग द्वारा शीर्ष प्रशासनिक अनि पुलिस अधिकारिहरुको ठुलो मात्रामा बदलीलाई चुनौती दिएको थियो। पार्टीका लोकसभा सदस्य कल्याण बनर्जीले याचिकाकर्ताको वकीलको रूपमा यस मामिलामा वकालत गर्नुभयो। दुइ जनहित याचिकाहरुमा एक मुख्य सचिव, गृह सचिव, डीजीपी, पुलिस आयुक्त जस्ता शीर्ष स्तरको सरकारी अधिकारिहरुको स्थानान्तरण संबंधित थियो। दोस्रो याचिका राज्यमा सामान्य अनि पुलिस प्रशासनको निम्न स्तरको प्रशासनिक अनि पुलिस अधिकारिहरुको बदली संबंधित थियो, जसमा रिटर्निंग ऑफिसर अनि पुलिस इंस्पेक्टर पनि सामेल थिए। मुख्य न्यायाधीश सुजॉय पॉल अनि न्यायमूर्ति पार्थ सारथी सेनको खंडपीठले जनहित याचिकाहरु खारिज गर्दै भनेको छ, आचार संहिता लागू अवधि आयोगलाई प्रशासनिक अनि पुलिस अधिकारिहरुको स्थानान्तरणको पूरा अधिकार छ।

## भाजपा उम्मेदवार सुची

पश्चिम बंगाल विधानसभा चुनाव 2026 का लागि भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो उम्मीदवारहरुको चौथो सूची जारी गरेको छ। आज जारी गरिएको सूचीको साथै 294 सदस्यीय विधानसभाका लागि पार्टीले हालसम्म 287 सीटहरुमा उम्मीदवारहरुको घोषणा गरिसकेको छ अनि अब केवल सात सीटहरुमा उम्मीदवारहरुको नाम घोषित हुन बाकी छ।

पार्टीको केंद्रीय चुनाव समितिको स्वीकृति पछि जारी यस सूचीमा कुल 13 विधानसभा क्षेत्रका लागि उम्मीदवारहरुको नाम सामेल छ। यसमा सिताई (अनुसूचित जाति) बाट आशुतोष वर्मा, नाटाबाड़ीबाट गिरिजा शंकर राय, बागदाबाट सोमा ठाकुर, मोगराहाट पूर्वबाट उत्तम कुमार बनिक, फलताबाट देबांशु पांडा, सोनारपुर उत्तरबाट देबाशीष धर, चौरंगीबाट संतोष पाठक, हावड़ा दक्षिणबाट श्यामल हाटी तथा पांचलाबाट रंजन कुमार पाललाई उम्मीदवार बनाएको छ। यस बाहेक चांदीपुरबाट डॉ. पीयूष कांति दास, गड़बेताबाट प्रदीप लोढ़ा, मेमारीबाट मानव गुहा तथा बाराबनीबाट अरिजीत रायलाई उम्मीदवार घोषित गरिएको छ। साथै पार्टीले एक सीटमा आफ्नो पहिले घोषित उम्मीदवारको नाममा फेरबदल गर्दै मयनागुडडीबाट दलीम रायलाई नया उम्मीदवार बनाएको छ। पश्चिम बंगालमा विधानसभाको कुल 294 सीट छ। राज्यमा दुइ चरणमा 23 अनि 29 अप्रैलको दिन मतदान हुनेछ अनि चार मईमा मतगणना हुनेछ ।

## मुख्यमंत्री ममता बनर्जी- भाजपा

राज्यकी मुख्यमंत्री ममता बनर्जीले भाजपा माथि गंभीर आरोप लगाउदै भन्नुभएको छ भाजपाले अन्य राज्यहरुबाट मतदाताहरुको नाम राज्यको मतदाता सूचीमा सामेल गर्ने कोसिस गरिरहेको छ| उहाँले पार्टी पदाधिकारि अनि कार्यकर्ताहरुलाई यस मुद्दामा सतर्क रहने आह्वान गर्नुभयो। आज चंद्रकोणामा आयोजित एक जनसभालाई संबोधित गर्दै मुख्यमंत्रीले भन्नुभयो, ठुलो संख्यामा वास्तविक मतदाताहरुको नाम अझ सम्म पनि सूचीमा शामिल गरिएको छैन, जबकि बिहार, राजस्थान, हरियाणा अनि उत्तर प्रदेश जस्ता राज्यहरुबाट नाम लिएर सूची मा जोड़ने प्रयास गरिरहेको छ । उहाँले आरोप लगाउनु भए अनुसार बाहिरबाट मानिसहरु ल्याएर मतदान गराउने षडयन्त्र रचिएको छ।

मुख्यमंत्रीले भन्नुभयो यस संबंधमा उहाँको पार्टीले पर्याप्त दस्तावेज चुनाव आयोगलाई सौंपिएको छ अनि हालै 30 हजार यस्ता नामहरुको सूची पनि जमा गराइएको छ, जसको बारेमा दाबी गरिएको छ कि उनीहरु पश्चिम बंगालका निवासी होइनन। यस अघि तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव अभिषेक बनर्जी हिजो बेलुकी राज्यका मुख्य निर्वाचन अधिकारीको कार्यालय पुग्नु भएको थियो। त्यहाबाट निस्किए पछि उहाँले आरोप लगाउनु भयो कि भाजपाका केहि मानिसहरु ठुलो संख्यामा फॉर्म-6 जमा गरिरहेका थिए, जसको उद्देश्य कथित रुपमा अन्य राज्यका मतदाताहरुलाई पश्चिम बंगालको मतदाता सूचीमा सामेल गराउनु हो।

उहाँले मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालसित कार्यालयको सीसीटीवी फुटेज सार्वजनिक गर्ने मांग गर्नुभयो। अभिषेक बनर्जीले दाबी गरे अनुसार मतदाता सूचीमा नाम जोड़ने प्रक्रियाको दुरुपयोग गरिएको छ| उल्लेखनीय छ फॉर्म-6 को उपयोग नयाँ मतदाताहरुको पंजीकरण या एक निर्वाचन क्षेत्रदेखि अर्कोमा स्थानांतरणपछि मतदाता सूचीमा नाम सामेल गर्नका लागि गरिन्छ।

**मौसम**

अलीपुर मौसम विभागले पश्चिम बंगालको मौसमलाई लिएर अलर्ट जारी गरेको छ। विभाग अनुसार, दक्षिण बंगालका सात जिल्लाहरुमा 50 देखि 60 किलोमीटर प्रति घंटाको रफ्तारमा आंधी अनि तूफान आउने संभावना छ। आज बिहानदेखि कोलकाता सहित वरिपरीका धेरै क्षेत्रमा आकाशमा बादल छाइ रह्यो अनि कहीं-कहीं हल्का वर्षा पनि दर्ता गरियो। मौसम विभागले विशेष रूपले बांकुड़ा, पूर्व बर्धमान अनि हुगली जिल्लामा असिनावृष्टिको संभावना जताएको छ। यस बाहेक हावड़ा, हुगली, उत्तर अनि दक्षिण 24 परगना तथा नदिया जिल्लामा 50 देखि 60 किलोमीटर प्रति घंटाको रफ्तारमा तेज हावा चल्ने अनुमानलाई लिएर मानिसहरुलाई सतर्क रहने सलाह दिएको छ। पूर्वानुमान अनुसार, भोलिदेखि दक्षिण बंगालको अधिकांश जिल्ला जस्तै कोलकाता, हावड़ा, हुगली, पुरुलिया अनि बीरभूममा मौसम सफा हुनसक्ने छ|

खराब मौसमको असर जनजीवन साथ-साथै राजनीतिक कार्यक्रमहरुमा परिरहेको छ । पश्चिम मेदिनीपुर जिल्लाको चंद्रकोणामा तेज आंधी अनि वर्षाका कारण मुख्यमंत्री ममता बनर्जीको सभास्थललाई आंशिक नुकसानी पुराएको छ।

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका खर्साङ अनि कालेबुङ बिधामसभाका क्षेत्रका प्रार्थीहरुले भोली नामांकन पत्र दर्ता गर्ने भएको छ। यस जानकारी जी टी ए प्रमुख कार्यपाल तथा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले आज एक भिडियो सार्वजनिक गरेर दिनु भएको हो। भोलि अथवा १ अप्रिल २०२६ को दिन बिजीपीएमका कालेबुङका प्रार्थी रुदेन सादा लेप्चा अनि खरसाङका प्रार्थी अमर लामाले आफ्नो नामाङ्कन पत्र भर्नेछन अनि दार्जीलिङमा २ तारिकको दिन विजय कुमार राईले नामाङ्कन पत्र भर्ने जानकारी श्री थापाले दिनु भयो। उहाँले भोलि खरसाङवासी अनि कालेबुङवासीलाई नामाङ्कन र्‍यालीमा आइदिने अनुरोध पनि गर्नुभयो। यसपालीको भोट पहाडको शान्ति र विकासलाई निरन्तरता दिने अनि झुटको राजनीति देखी उन्मुक्ति पाउने चुनाउ हो भन्दै आफुहरुले आवेग अनि उत्तेजनामा आएर होइन, सत्य र तथ्यलाई अगाडि राखेर राजनीति गरेको बताउनु भयो। यो राजनैतिक सोचलाई अघि लैजाने पनि यसपालिको चुनाव हो भनी उहाँले बताउनु भयो। उहाँले थप जानकारी दिँदै आजको दिनमा भारतीय चुनाउ आयोगको ( ECI ) चुनाउ चिन्हको सूचीमा मोमबत्ती चिन्ह नरहेको त्यसर्थ यसपल्ट क्याण्डलको साटो अन्य चिन्हमा चुनाउ लड्नु पर्ने बताउनु भयो। उहाँले यसपालिको चुनाउको निम्ति नयाँ चिन्हको घाोषणा चाँडै गर्ने बताउँदै चिन्ह भन्दा पनि महत्त्वपूर्ण हाम्रो सोच हो भनी बताउनु भयो।

**प्रतिक्रिया मिरिक भागोप्रमो**

आज हिल तृणमूल कांग्रेस दार्जीलिङ्ग जिल्ला चियरमैन एल बि राई अनि २४ नम्बर समष्टि सभासद मिलेश राईले क्षेत्रका ग्राम पञ्चायतका प्रतिनिधि लगायत पार्टी कार्यकर्ताहरुसँग बैठक गरेपश्चात् पत्रकारहरुलाई सम्बोधन गर्दै चुनाव चिन्ह जे भए पनि, जीत अमर लामाकै निश्चित छ भनी दाबी गरेका छन्। खरसाङ विधान सभा क्षेत्रका भागोप्रमो प्रार्थी अमर लामाको नामांकन दर्ता गर्न भोली मिरिक क्षेत्रवाट व्यापक समर्थकहरु खर्साङमा उपस्थित हुने दुइले बताए।

**आइजिजेएफ**

इन्डियन गोर्खा जनशक्ति फ्रन्टको कालेबुङ क्षेत्रका उम्मेदवार बनेका भेर्नोन ब्रिटो लेप्चाले टिकट प्राप्त गरेपछि पहिलोपटक पत्रकार सम्मेलन गर्दै आफ्ना धारणा व्यक्त गरेका छन्। उहाँले सम्बोधनका क्रममा आफू विजयी भएपछि गोर्खा समुदायका विभिन्न समस्याहरू समाधान गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। साथै, ती समस्याहरूलाई विधानसभामा उठाएर समाधानतर्फ लैजाने विश्वास समेत व्यक्त गर्नुभयो। श्री ब्रिटोले आफ्नो उम्मेदवारीलाई गोर्खा जनताको हकहित र अधिकारका लागि समर्पित रहने बताउँदै कालेबुङका मतदातासँग समर्थनको अपील गर्नु भएको छ।

**रिम्बिकमा द बुद्ध ट्रेल म्याराथन**

प्रत्येक वर्ष झैँ यस वर्ष पनि रिम्बिकमा द बुद्ध ट्रेल म्याराथन ४ अप्रेलमा हुने भएको छ। हरियाणाको एक संस्था द हेल रेसद्वारा आयोजित अनि रिम्बिक नेचर गाइड एसोसिएसनको सहयोगमा 'द बुद्ध ट्रेल' को चौथो संस्करण रिम्बिक बजारबाट शुरु हुनेछ।ट्रेलको निम्ति तयारी युद्धस्तरमा भइरहेको छ। ट्रेल तीनवटा वर्गमा हुने तय भएको छ जसमा ६५ किमी, ३० किमी अनि १२ किमीको दौड समावेश छन्। दौड रिम्बिक बजारदेखि शुरु भएर सोही स्थानमा नै अन्त्य हुने जानकारी आयोजक पक्षले दिएको छ।ट्रेलले सिंहलीला रेन्जको ग्रामीण भेकहरुको विचरण गर्नेछ भने भारत लगायत भूटान साथै अन्य देशका धावकहरुको सहभागिता हुने निश्चित भएको छ। ट्रेलको निम्ति कुल ३५० धावकहरुले नाम दर्ता गराइसकेको आयोजक पक्षले बताएको छ। ट्रेलको मुख्य उद्देश्य शारीरिक अनि मानसिक रूपले बलियो हुनु हो भने एक आपसमा आफ्नोपन जीवित राख्नु हो भन्ने आयोजक पक्षको बिश्वास छ। दौड़ अवधि कुनै पनि समस्या नहोस् भनेर कड़ा सुरक्षा व्यवस्था पनि गरिएको आयोजक पक्षबाट संयोजक प्रभु प्रधानले जानकारी दिनु भएको छ ।

**अमर लामा चुनाव प्रचार**

भागोप्रमो प्रार्थी अमर लामाले चुनाव प्रचार लगातार रुपमा गरिरहेको छ। यसै सम्बन्धमा आज श्री लामाले खर्साङको तीनधारे चियाबारीमा आफ्नो चुनाव प्रचार गर्नुभयो। तीनधारे चियाबारीको कारखाना परिसरमा स्थानीय चियाबारी श्रमिकहरुसित भेटघाट गर्दै उक्त स्थानमा आयोजित चुनावी सभालाई अमर लामाले सम्बोधन पनि गरे। सम्बोधनको क्रममा उहाँले राज्य सरकारले चियाबारी श्रमिकहरुको लागि हेल्थ इन्स्योरेन्स शुरु गर्न लागेको जानकारी गराउनु भयो।

**राष्ट्रपति – उपराष्ट्रपति-प्रधानमन्त्री-शुभकामना**

आज महावीर जयन्ती हो|यसै अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु , उपराष्ट्रपति सी. पी. राधाकृष्णन अनि प्रधानमन्त्री नरेन्द्र मोदीले आज महावीर जयंतीको अवसरमा देशवासिहरूलाई शुभकामना दिनुभएको छ। सोशल मीडिया पोस्टमा राष्ट्रपतिले भन्नुभयो-भगवान महावीरले अहिंसा, सत्य र आत्मसंयमको सिद्धान्तबारे उपदेश दिनुभयो र मानिसहरूको करुणामय जीवन जिउनको लागि प्रेरित गर्नुभयो। राष्ट्रपतिले भन्नुभयो सबैमा भगवान महावीरको शिक्षाहरूबाट प्रेरणा लिनुपर्ने साथै अधिक संवेदनशील, शांतिपूर्ण समाज निर्माणको लागि निरंतर प्रयास गर्नुपर्छ।

उपराष्ट्रपतिले भन्नुभयो-भगवान महावीरको शाश्वत शिक्षाहरूले सबैलाई आत्म-अनुशासन, करुणा र सद्भावपूर्ण जीवनतर्फ मार्गदर्शन गरिरहनेछ।उहाँले भन्नुभयो-भगवान महावीरको आशीर्वादले समाजमा शांति, अहिंसा र भाइचाराको भावनालाई मजबूत गर्दछ। प्रधानमंत्री नरेन्द्र मोदीले पनि भगवान महावीरको जन्म कल्याणको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। सोशल मीडियाको पोस्टमा प्रधानमंत्रीले भन्नुभयो-भगवान महावीरको जीवन र शिक्षा सत्य, अहिंसा अनि करुणाको मार्गलाई उज्यालो प्रदान गरिरहनेछ।उहाँले भन्नुभयो- भगवान महावीरको आदर्श आध्यात्मिक रूपमा उत्थानकारी रहेको छ र आजको समयमा पनि अत्यंत प्रासंगिक रहेको छ।प्रधानमंत्रीले गुजरातको कोबा तीर्थमा आज उद्घाटन हुने सम्राट सम्प्रति संग्रहालयको केही झलकहरू पनि साझा गर्नुभयो।

**सांसद बिष्ट**

दार्जिलिङ पुलिसले भाजपा युवा नेता सुपेन्द्र प्रधानलाई पक्राउ गरेपछि दार्जिलिङका सांसद राजु बिष्टले एक प्रेस बिज्ञप्ति जारी गर्दै पक्राउको बिरोध गर्नु भएको छ। प्रधानको पक्राउ त्यसबेला भएको थियो जब उनी दार्जिलिङका विधायक उम्मेदवार नोमन राईको प्रचार गरिरहेका थिए। श्री प्रधानलाई २०१६ को एक मुद्दाको सम्बन्धमा पक्राउ गरिएको हो। बिज्ञप्ति मार्फत सांसदले भन्नु भयो, हामी कानुनी प्रणालीको सम्मान गर्छौं, तर १० वर्ष पुरानो मुद्दा उठाउनु र चुनाव प्रचारको क्रममा मात्र विपक्षी कार्यकर्ताहरूलाई उत्पीडन गर्नुले तृणमूल कांग्रेस र उनीहरूको पुलिसले गरेको राजनीतिक अवसरवादलाई उजागर गरेको छ। राज्य सरकारको यस्तै रवैयाका कारण दार्जिलिङ पहाड, तराई र डुवर्सका मानिसहरूले तृणमूल कांग्रेसलाई कडा रूपमा अस्वीकार गरेको सांसदले बताउनु भयो।

**जनगणना 2027**

जनगणना 2027 भोलिदेखि शुरू हुनेछ। यो स्वतंत्रता पछिको आठौ अनि यस श्रृखंलाको 16 औ जनगणना हुनेछ। सरकारले जनगणना 2027 को पहिलो चरणमा सोधिने 33 प्रश्नहरुलाई अधिसूचित गरेको छ। नयाँ दिल्लीमा एक प्रेस कॉन्फ्रेंसलाई संबोधित गर्दै, भारतका रजिस्ट्रार जनरल अनि जनगणना आयुक्त मृत्युंजय कुमार नारायणले जनगणना दुइ चरणमा आयोजित हुने जानकारी दिनुभएको छ। पहिलो चरणमा घर-घर पुगेर सूचीकरण अनि स्व-गणनाको प्रक्रिया पूरा गरिनेछ। यस चरण राज्यहरु अनि केंद्र शासित प्रदेशहरु द्वारा तय कार्यक्रम अनुसार 1 अप्रैल देखि 30 सितंबरसम्म चल्ने छ।

**शमिक भट्टाचार्य**

पश्चिम बंगालमा चलिरहेको चुनाव प्रक्रियाको बीचमा, मतदाता सूचीमा कथित अनियमिततालाई लिएर राजनीतिक वातावरण तातिन थालेको छ। यस सम्बन्धमा, भाजपा प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले भन्नुभयो पश्चिम बंगालमा SIR बिना मतदान सम्भव छैन। मिडियासँग कुरा गर्दै श्री भट्टाचार्यले सत्तासीन दललाई जति उजुरी गरेपनि कुनै सरोकार नरहने बताउनुभयो। उहाँले भन्नुभयो हामीले पेश गरेको फारम ७ को गम्भीरतापूर्वक जाँच गर्नुपर्छ। SIR बिना मतदान सम्भव छैन। यदि SIR छैन भने, मतदान हुनेछैन।

प्रमुख समाचार

- कलकत्ता उच्च न्यायालयको एक खंडपीठले आज तृणमूल कांग्रेस नेताले गरेको दुइ जनहित याचिकाहरुलाई खारिज गरेको छ।
- मुख्यमंत्री ममता बनर्जीले भाजपा माथि गंभीर आरोप लगाउदै भन्नुभएको छ भाजपाले अन्य राज्यहरुबाट मतदाताहरुको नाम राज्यको मतदाता सूचीमा सामेल गर्ने कोसिस गरिरहेको छ|
- पश्चिम बंगाल विधानसभा चुनाव 2026 का लागि भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो उम्मीदवारहरुको चौथो सूची जारी गरेको छ।
- भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका खर्साङ अनि कालेबुङ बिधामसभा क्षेत्रका प्रार्थीहरुले भोली नामांकन पत्र दर्ता गर्ने भएको छ।
- अलीपुर मौसम विभागले दक्षिण बंगालका सात जिल्लाहरुमा 50 देखि 60 किलोमीटर प्रति घंटाको रफ्तारमा आंधी अनि तूफान चल्ने संभावना व्यक्त गरेको छ।

**********